**Academic Voices**
**A Multidisciplinary Journal**
**Volume 5, No. 1, 2015**
**ISSN 2091-1106**

# वीरगञ्जमा रहेका सामुदायिक उच्च मा.वि.को शैक्षिक अवस्था

**मंजु श्रेष्ठ**
**राजनीतिशास्त्र शिक्षा विभाग, त्रि. वि., ठाकुर राम बहुमुखी क्याम्पस, वीरगञ्ज, नेपाल**

**सार**

*शिक्षा हरेक समाजको आधारभूत आवश्यक्ता हो। समयानुकुल व्यवस्थापन प्रक्रिया विकसित हुनुका साथै शैक्षिक क्षेत्र पनि फराकिलो बन्दै गएको छ। गुणस्तरीय उच्च शिक्षाद्वारा देशको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि उच्च माध्यमिक विद्यालय एक ठूलो स्रोत हो। विद्यार्थीलाई प्रदान गरिने प्रारम्भिक आधारभूत शिक्षाले उनीहरुको भविष्यलाई सुनिश्चितता दिन तथा निर्धारण गर्न सकिन्छ। यिनै कारणले गर्दा अन्तर्राष्ट्रिय जगतमा विद्यालीय शिक्षा अन्तर्गत उच्च माध्यमिक विद्यालयलाई समायोजन गरिएको छ। किनभने यस उमेर समूहका विद्यार्थी बढी संवेदनशील हुन्छन्। कलेजमा जाँदा नयाँ स्थान, नयाँ शिक्षक, नयाँ वातावरणमा समायोजन हुन कठिनाई पर्छ। जसले गर्दा विद्यार्थीको भविष्यको सुनिश्चितता निर्धारण गर्न सार्क सदस्य राष्ट्रको हैसियतले सार्क राष्ट्रहरुकै शैक्षिक संरचनामा एकरुपताको लागि मध्यम स्तरीय जनशक्ति उत्पादन गर्ने उद्देश्यले १२ वर्षे विद्यालय शिक्षा हुनु पर्ने आवश्यकताको कारण उच्च माध्यमिक विद्यालयको अवधारणाको विकास भएको हो।*

**मुख्य शब्दहरू**
उच्च शिक्षा; राष्ट्रिय शिक्षानीति; शैक्षिकअवस्था; भौतिकअवस्था, गुणस्तर

## परिचय

मानव सभ्यताको विकासका साथसाथै शिक्षाको पनि सुरुवात भएको पाइन्छ। सभ्यताको प्रारम्भदेखि नै व्यक्ति कुनै न कुनै रुपमा शिक्षाको विकासमा क्रियाशील भएको पाईन्छ। समाजको विकासको क्रमसँगै शिक्षामा त्यसको प्रभाव र जटिलता एवंम व्यापकता बढ्दै गएकोले व्यवस्थापन प्रक्रिया पनि विकसित बन्दै गएको हो। समयानुकुल व्यवस्थापन प्रक्रिया विकसित बन्दै जानुका साथै अध्ययनको क्षेत्र पनि फराकिलो बन्दै गएको छ। वर्तमानमा समाजपयोगी, विश्वव्यापी, स्थानीयकरण र भू-स्थानीयकरण शिक्षा प्रदान गर्नु पर्ने प्रमुख चुनौति विद्यमान छ।

शिक्षा हरेक समाजको आधारभूत आवश्यक्ता हो। शिक्षा विना समाजमा बाँच्न कठिन हुँदै गइरहेको छ। एक उत्तम शिक्षा प्रणालीले एउटा देशको सामाजिक, वैज्ञानिक र प्राविधिक सुधार वृद्धि गर्न सक्छ। एक देशको मानव संशाधन विकास देशमा प्रदान गरिने शिक्षाको गुणस्तरमा भर पर्छ। विश्वविद्यालयले उच्च शिक्षाको आवश्यकता पुरा गर्दछ। उच्च माध्यमिक मंच एक छुट्टै चरण हो। गुणस्तरीय उच्च शिक्षा देशको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि उच्च माध्यमिक विद्यालय एक ठूलो स्रोत हो। उच्च शिक्षाले विभिन्न आर्थिक सामाजिक, राजनीतिक र नैतिक परिवर्तनको आकारमा धेरै गम्भीर समस्याको सामना गर्नु परेको छ। शिक्षा जीवन पर्यन्त चरिरहने प्रक्रिया हो। विद्यार्थीलाई प्रदान गरिने प्रारम्भिक आधारभूत शिक्षा प्रदान गर्दा उनीहरुको भविष्यलाई सुनिश्चितता दिन तथा निर्धारण गर्न सकिन्छ। उच्च माध्यमिक विद्यालय माध्यमिक स्तर भन्दा उत्तरको शिक्षालाई भनिन्छ। यो माध्यमिक विद्यालय वर्तमान समयमा विद्यालयमा उच्च माध्यमिक

शिक्षाको औचित्य महत्वपूर्ण मानिन्छ। विद्यार्थीलाई उचित तथा उपयुक्त वातावरण विद्यालयमा बढी सम्भावना रहन्छ। विद्यार्थीका लागि गुरुले जीवनको भविष्यवक्ता तथा जीवनको मार्गनिर्देशन दिने कार्य गर्छ। १६-१७ वर्षका बालबालिकालाई विश्वविद्यालयको वातावरणभन्दा विद्यालीय वातावरण उपयुक्त हुन्छ भन्ने आवश्यकता महसुस गरिएको छ। यिनै कारणले गर्दा अन्तर्राष्ट्रिय जगतमा विद्यालीय शिक्षा अन्तर्गत उच्च माध्यमिक विद्यालयलाई समायोजन गरिएको छ। किनभने यस उमेर समूहका विद्यार्थी बढी संवेदनशिल हुन्छन्। विद्यार्थीको भविष्यको सुनिश्चितता निर्धारण गर्न शैक्षिक योजनाकार, प्रशासक, अध्यापक र शिक्षा विशेषज्ञहरुको अग्रसरतामा दुई महत्वपूर्ण गोष्ठी पश्चात् शैक्षिक संरचनामा परिवर्तन ल्याउन सफल भयो। यस अनुसार ११ र १२ तहलाई उच्च माध्यमिक शिक्षा तहको मान्यता प्रदान गर्ने निर्णय गर्‍यो। शैक्षिक सङ्गगठनको संरचना बढी जटिल, चुनौतिपूर्ण र संवेदनशील भएकोले शिक्षा क्षेत्रमा कार्यरत व्यक्तिहरु वा शैक्षिक व्यवस्थापकले सङ्गठनात्मक संरचनाको प्रयोग गर्दा विशेष सावधानी र ध्यान दिन जरुरी छ। शैक्षिक सङ्गठनले मानवीय जनशक्ति उत्पादन गर्ने भएकोले शैक्षिक व्यवस्थापकले बढी सचेतता र सतर्कता अपनाउनु पर्दछ। शिक्षा क्षेत्रमा देखा परेका समस्या समाधान गर्न, शिक्षामा सबैलाई सहभागि गराउन र न्यायोचित रुपमा परिणाम हाँसिल गर्न, सक्षम बनाउन, विश्वबजारमा देखा परेको अवसर र चुनौतिहरु सामना गर्न, प्रतिस्पर्धा गर्न, योग्य शैक्षिक जनशक्ति उत्पादन गरी विश्वबजारमा वितरण गर्न, अन्तर्राष्ट्रिय र क्षेत्रीय मुलुकहरुको एक रुपताका लागि उच्च माध्यमिक तहको संरचनाको विकास भएको हो। दक्षिण एशियाली देशहरुमा प्रमाण-पत्र तहलाई विद्यालीय शैक्षिक संरचनाभित्र समावेश गरिए अनुरुप नेपालले पनि आफ्नो शिक्षा नीति तथा कार्यनीतिमा परिवर्तन हुनु पर्ने आवश्यकता महसुस गरियो। वि.सं. २०४५ सालमा उच्च राष्ट्रिय शिक्षा आयोगको गठन भयो। वि.सं.२०४५ चैत्र १६ र १७ गते झापा जिल्लामा प्रथम राष्ट्रिय गोष्ठी सञ्चालन भयो। यस गोष्ठीमा माध्यमिक विद्यालय संरचना भित्र उच्च माध्यमिक विद्यालयलाई समावेश गर्नु पर्ने सिफारिश गर्‍यो। वि.सं. २०४६ साल जेष्ठ ३० र ३१ गते दोस्रो राष्ट्रिय गोष्ठी सम्पन्न भयो। विद्यालीय शिक्षामा दुई वर्षको एक शैक्षिक तह थप गर्नु पर्छ भन्ने सुझाव पेश गर्‍यो सुझाव अनुसार उच्च माध्यमिक शिक्षा सचिवालय गठन गर्‍यो। २०४६ सालको जनआन्दोलन पश्चात् बहुदलीय संसदीय प्रजातन्त्रको पुनर्बहाली भयो। राजनीतिक परिवर्तित व्यवस्था अनुरुप शिक्षा नीतिमा सुधार गर्नु पर्ने आवश्यकता भयो। शैक्षिक क्षेत्रमा शैक्षिक समस्या पहिचान गरी प्रतिवेदन प्रस्तुत गर्न २०४७ सालमा गठन भएको उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले व्यापक छलफल पश्चात प्रतिवेदन पेश गर्‍यो। देशको शिक्षा प्रणालीमा देखा परेका प्रमुख समस्याहरुको समाधान गर्दै शिक्षा प्रणालीलाई भविष्योन्मुख बनाई राष्ट्रको सर्वाङ्गिण विकासका लागि उच्च गुणस्तरयुक्त पार्न राष्ट्रिय शिक्षा नीति तथा कार्यनीति प्रस्तुत गर्‍यो। उक्त नीति अनुसार उच्च माध्यमिक शिक्षाको प्रावधानको सिफारिश गर्‍यो। विश्वविद्यालय र सम्बन्धन प्राप्त क्याम्पसमा प्रविणता प्रमाणपत्र तहको सट्टा १० + २ को पाठ्यक्रम लागु गरी प्राज्ञिक विस्थापन प्रारम्भ गर्ने नीति लियो। २०४७ मा गठित राष्ट्रिय शिक्षा आयोगले शिक्षा क्षेत्रका समस्या पहिचान गरी समाधानबारे व्यापक छलफल पश्चात २०४९ मा पेश गरिएको प्रतिवेदनमा निम्नानुसार सुझावहरु दिइएको छ। ( अर्याल र अन्य, २०६२)।

प्रतिवेदन अनुसार माध्यमिक तहको कक्षा १० उत्तीर्ण गरी उच्च शिक्षा हासिल गर्न क्याम्पस तहमा १५ वर्षको बालबालिका जानयोग्य नभएकोले आफ्नै परिवेशमा आफ्नै विद्यालय स्तरमा २ वर्ष पढाउनु आवश्यक भएको महसुस प्रतिवेदनले देखाएको छ। माध्यमिक शिक्षालाई साधारण, प्राविधिक, वहुप्राविधिक, पेशागत र संस्कृत गरी ५ वटा क्षेत्रमा उच्च माध्यमिक विद्यालय स्तर बनाउनु विशिष्टीकरणको पहिलो चरण हुने कुरा प्रतिवेदनमा उल्लेख छ। शिक्षाको उद्देश्य मध्यस्तर उच्च माध्यमिक विद्यालयलाई प्रवीणता प्रमाण-पत्र सरह मानिनु पर्छ। विश्वविद्यालयको प्रमाण-पत्र तहलाई वि.सं.२०५६ साल सम्ममा उच्च माध्यमिक शिक्षा परिषद अन्तर्गत ल्याउनु पर्छ।

नेपालमा उच्च माध्यमिक शिक्षा प्रणाली लागू गर्नाको पहिलो मुख्य कारण सार्क सदस्य राष्ट्रको हैसियतले सार्कराष्ट्रहरुमा शैक्षिक संरचनामा एकरुपताको लागि प्रत्येक जिल्लामा कम्तीमा एउटा उच्च माध्यमिक विद्यालय स्थापना गरिनु पर्दछ। मध्यम स्तरीय जनशक्ति उत्पादन गर्ने उद्देश्यले १२ वर्षे विद्यालय शिक्षा हुनु पर्ने आवश्यकताको कारण उच्च माध्यमिक विद्यालयको अवधारणाको विकास भएको। दोश्रो कारण आज विश्व ग्रामको रुपमा (Globalization) मा परिणत भै रहेको छ। आज Global Market को अवस्था छ, विश्व सिमाविहिनको अवस्था छ, हरेक देशले आफ्नो आवाज राख्न सक्ने अवस्था छ, बहुसंस्कृतिको अवस्था

छ। विभिन्न विचारधारा छन्। यस्ता अवस्थाको सामना गर्न शिक्षाको आवश्यकता पर्छ। उच्च माध्यमिक शिक्षा देशको सामाजिक , राजनीति प्रगति, आर्थिक विकासको लागि आवश्यक मानव संसाधनमा एक महत्वपूर्ण चरण हो। वर्तमानमा देशमा ८५६ उच्च माध्यमिक विद्यालयहरु रहेका छन्।

उच्च शिक्षा र माध्यमिक शिक्षाको विच सम्बन्ध जोड्ने कार्य उच्च माध्यमिक शिक्षाले गर्दछ। दुबैको विचमा यसले पुलको भूमिका निर्वाह गर्छ। १६-१७ वर्षका किशोर किशोरीहरु आफ्नो जीवन सीप बुझ्ने परिपक्वताको विकास भएको हुँदैन। उनीहरुले मानव जीवन, सामाजिक संरचना, सामाजिक व्यवहार बुझे जानेका हुँदैनन्। तसर्थ यि कलिला बालबालिकाले विश्वविद्यालयको वातावरणमा समायोजन हुन निकै समस्या तथा अप्ठ्यारो पर्छ। त्यसकारण उनहरुलाई परिपक्व नहुन्जेलसम्मका लागि विद्यालीय शिक्षा अन्तर्गत दुई कक्षा (११-१२) थप गरी शिक्षा दिन विद्यालीय वातावरण नै उपयुक्त हुन्छ। यही बास्तविकतालाई उजागर गरिएको छ। उच्च माध्यमिक विद्यालय शिक्षाको आवश्यकता र महत्व निम्नानुसार छन्। (रा.शि.आ., २०४९)।

१) १६ वर्षको उमेरमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरेका किशोर किशोरी क्याम्पसमा पढ्नु पर्ने व्यवस्था शैक्षिक दृष्टिकोणले उपयुक्त हुँदैन। माध्यमिक विद्यालयकै वातावरणमा शिक्षकको देखरेखमा अध्यापन गराउनु उपयुक्त हुन्छ।

२) वर्तमान शैक्षिक संरचनामा कक्षा ११ र १२ थप गरी अध्यापन गर्न अवसर प्रदान गरेमा उच्च शिक्षाका लागि हुने खर्च कटौती हुन जान्छ जसबाट अभिभावकलाई ठुलो राहत मिल्नेछ।

३) विद्यालयमा ११ र १२ कक्षा अध्यापन व्यवस्था भएमा क्याम्पस संचालनको आर्थिक भार न्यून हुन जानुका साथै स्नातकोत्तर योग्यता पुगेका माध्यमिक विद्यालयका शिक्षकहरुबाट नै ११ र १२ कक्षा अध्ययन गर्दा वृत्तिविकासको अवसर प्रदान गरी शिक्षकलाई उत्प्रेरित हुने।

४) व्यावसायिक तर्फ अभिरुचि राख्ने विद्यार्थीलाई एस.एल.सी. उत्तीर्ण पश्चात व्यवसायमूलक उच्च माध्यमिक शिक्षा प्रदान गर्ने ,

५) प्रविणता प्रमाण-पत्र तहको बोझले विश्वविद्यालयले उच्च शिक्षालाई स्तरीय बनाउन नसकेको परिवेशमा प्रमाण-पत्र तह विद्यालयमा समायोजन गरेपछि विश्वविद्यालयलाई राहत प्राप्त हुने, उच्च शिक्षामा समय दिन सक्ने र स्तरीय विकास गर्न सक्ने।

६) एस.एल.सी. र प्रमाण-पत्र तहको पाठ्यक्रम विचको खाडललाई उच्च मा.वि.संचालन गर्दा दुवै विचको खाडल हटाउन सक्ने।

७) उच्च शिक्षा शहरीमुखीको कारण गाउँघरका बालबालिका यस्ता शिक्षाबाट वञ्चित हुनु पर्दथ्यो तर उच्च माध्यमिक विद्यालयको प्रावधान हुँदा शहरका साथै गाउँघरका बालबालिका पनि उच्च शिक्षातर्फ उन्मुख हुने।

प्रवेशिका परीक्षा उत्तीर्ण हुने ४५ प्रतिशत भन्दा बढी विद्यार्थीहरु यस तहको परीक्षामा आकर्षित देखिएका छन्। ७५ जिल्लामा नै उच्च माध्यमिक विद्यालय स्थापना भएका छन् र चारलाख भन्दा बढी विद्यार्थीहरु उच्च माध्यमिक शिक्षासँग आवद्ध भएका छन्। सामुदायिक उच्च माध्यमिक विद्यालयको उच्च माध्यमिक तहमा सरकारको न्यून लगानी भएतापनि सामुदायबाटै सञ्चालित सामुदायिक उच्च माध्यमिक विद्यालयमा उचित संरचना भएकोले पिछडिएको जनसमुदायलाई प्रवेशका लागि प्रोत्साहन भएको छ। (उ.मा.वि.शि.प.२०५५)। एक अभिलेख अनुसार नेपालमा ११९७ उच्च माध्यमिक विद्यालय छन् जसमध्ये ६८७ उच्च माध्यमिक विद्यालय सामुदायिक विद्यालय व्यवस्थापकबाट र बाँकी का निजी विद्यालय व्यवस्थापनबाट सञ्चालन भै रहेका छन्। ( भुसाल, २०११)।

उच्च माध्यमिक शिक्षालाई विकास र विस्तार गर्नका लागि नवौं पञ्चवर्षिय योजना २०५४-०५९ को वर्षमा त्रिभुवन विश्वविद्यालयका साथै अन्य विश्वविद्यालयबाट प्रविणता प्रमाण-पत्र तहलाई विस्थापन गर्ने, प्राविधिक शिक्षालयहरु, उच्च माध्यमिक विद्यालयहरु हस्तान्तरण गर्ने कार्यक्रमको व्यवस्था गर्न त्रिभुवन विश्वविद्यालय, उच्च माध्यमिक शिक्षा परिषद र शिक्षा मन्त्रालय बीच समन्वय गर्न कार्यक्रम बनाइएको थियो। उच्च माध्यमिक विद्यालय शिक्षाको व्यवस्थापन पद्दति माध्यमिक स्तर र उच्च माध्यमिक स्तरलाई एकिकृत गर्ने उच्च माध्यमिक विद्यालयको सञ्चालनको निम्ति स्थानीय जनसहभागिताको लागि व्यवस्थापन समितिलाई सक्रिय पारिने विद्यालय र सामुदायको पारस्परिक सम्बन्ध र सहयोगको कार्यक्रम

सञ्चालन गरी एक आपसको योगदान अभिवृद्धि गर्दै विद्यालयलाई आत्मनिर्भरतातर्फ उन्मूख गरिने जस्ता उच्च माध्यमिक विद्यालय शिक्षा सम्बन्धि कार्यक्रम रहेका छन् .(रा.शि.आ.,२०५४)

क) कक्षा ११-१२ सम्मको एकीकृत पाठ्यक्रम विकास गर्ने।

ख) हरेक निर्वाचन क्षेत्रमा एक-एक ओटा पर्नेगरी २०५ वटा सामुदायिक उच्च माध्यमिक विद्यालय को व्यवस्था गरी विज्ञान विषयको पढाई सञ्चालन गर्ने प्रोत्साहित गर्ने।

ग) प्रत्येक जिल्लाको कम्तीमा एउटा उच्च माध्यमिक विद्यालयलाई व्यवसायिक विषयको अध्यापन गराउन अभिप्रेरित गर्ने।

छिमेकी मित्रराष्ट्र भारतमा उच्च माध्यमिक विद्यालय शिक्षा ई.सं.१९७० को दशकदेखि आरम्भ भएको थियो भने अर्को छिमेकी राष्ट्र चीनमा यसको सुरुवात सन् १९७६ मा भएको थियो। नेपालमा भने यस सम्बन्धमा २०४५ सालदेखि अभ्यास कार्यको सुरुवात भएको थियो। वि.सं.२०४५ सालमा तत्कालीन राष्ट्रिय शिक्षा समितिद्वारा गठित शिक्षा विद्हरुको कार्यदलले राष्ट्रिय स्तरमा गोष्ठीहरुको आयोजना गरी श्री ५ को सरकारमा प्रस्तुत प्रतिवेदनमा १० वर्षिय माध्यमिक शिक्षा प्रणालीमा २ वर्षको शैक्षिक तह थप गरी विद्यालीय शिक्षालाई कक्षा १२ सम्म पुऱ्याउने निष्कर्ष निकालिएको थियो। २०४६/ ७। ११ गते उच्च माध्यमिक शिक्षा, शिक्षा ऐन, २०४६ मा लालमोहर लगाई प्रकाशनमा आएको थियो। यद्यपि २०४६ फागुण १२ गतेदेखि लागु भयो तर यसको कार्यान्वयन २०४९ सालदेखि भएको हो। (कोइराला, २०५९) विद्यालयमा २ कक्षा थप गरियो तर के स्तरीय शिक्षा दिन सफल भएको छ ? राज्यले कस्तो शैक्षिक नीति अवलम्बन गऱ्यो। शैक्षिक अवस्था कस्तो छ ? यो उच्च माध्यमिक विद्यालयमा ठूलो चुनौतिको रुपमा रहेको छ। उपत्यका बाहिरका + २ को शैक्षिक स्तर वृद्धि हुन नसकेको अवस्थामा छ। उच्च माध्यमिक शिक्षा अध्ययन गराइने क्याम्पसहरु आधारभूत आवश्यकताको परिपूर्ति गर्न सकिएको छैन। भौतिक सुविधा, भवन, पुस्तकालय व्यवस्थापन, शैक्षिक वातावरणहरुको व्यवस्थापनमा कमजोरी देखिन्छ। त्यसैगरी विद्यालयमा शुल्क, छात्रवृत्तिमा प्रतिस्पर्धा देखिन्छ। परीक्षा प्रणाली गुणस्तरमुखी, शिक्षण विधि प्रभावकारी बनाउन, कमजोर विद्यार्थीलाई प्रोत्साहित गर्न खासै व्यवस्था भएको पाइदैन। उच्च माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीले प्रयोगशाला, पाठ्यपुस्तक, पाठ्यक्रम, पाठ्यसामाग्री नगण्य रुपमा रहेको छ। अध्यापकहरुको समुचित व्यवस्था हुन सकेको छैन। पेशागत सुनिश्चितता कसले गर्ने ? शिक्षकको नियुक्ति, सेवा, शर्त, सुविधा, पदोन्नति र तालिमको व्यवस्था कुन निकायले गर्ने, पाठयक्रम, मूल्याङ्कन, अनुगमन तथा निरिक्षण गर्ने कि नगर्ने, शैक्षिक उपलब्धिमा के कारणले ह्रास आएको छ ? न्यून सरकारी अनुदानले के कस्तो समस्या निम्त्याएको छ। यसले विद्यार्थी भर्नामा कस्तो असर पारेको छ ? यिनै समस्यालाई केन्द्रविन्दु बनाई यो अध्ययन गरिएको छ। यि समस्यार्लाइ अझै विशिष्ट बनाउन निम्न प्रश्नहरु समावेश गरिएको छ :

- सामुदायिक उच्च माध्यमिक विद्यालयमा विद्यार्थीको भर्ना अवस्था कस्तो छ ?
- सामुदायिक उच्च माध्यमिक विद्यालयमा शैक्षिक गुणस्तरमा के कारणले ह्रास आएको छ ?
- सामुदायिक उच्च माध्यमिक विद्यालयले निर्धारण गरेको शैक्षिक पूर्वाधारहरु के कति पुरो गरेको छ ?
- सामुदायिक उच्च माध्यमिक विद्यालयभन्दा नीजि उच्च माध्यमिक विद्यालयतर्फ विद्यार्थीहरु बढी आकर्षित भएका हुन् ?

उच्च शिक्षा परिषदले निर्धारण गरेको शैक्षिक पूर्वाधारहरु उ.मा.वि.ले पूरा गरे नगरेको पहिचान गर्ने।

उच्च मा.वि.को शैक्षिक अपलब्धिको पहिचान गर्ने यस शोधपत्रको उद्देश्यहरु रहेको छ।

## अध्ययनको विधि :

यस परिच्छेदमा शोध अनुसन्धानको ढाँचा, जनसंख्या, नमुना छनौट, तथ्याङ्क सङ्कल विधि, साधन प्रयोग, तथ्याङ्क सङ्कलनका स्रोत, विश्लेषण विधि र प्रस्तुतिकरण आदि बारे उल्लेख गरिएको छ।

## अनुसन्धान विधि

अध्ययनलाई उपलब्धिमूलक बनाउन मिश्रित ढाँचामा अनुसन्धान विधिको प्रयोग गरिएको छ। अनुसन्धानमा संख्यात्मक, गुणात्मक, अनुभवनात्मक , व्याख्यात्मक र विश्लेषणात्मक आधारमा सुचनाहरु सङकलन गरिएको छ। त्यसैगरी प्राथमिक र सहायक श्रोतको आधारमा प्रत्यक्ष

भेटघाट गरी शोधकर्ताले प्रश्नावली, अन्तरवार्ता, अवलोकन जस्ता विधि तथा साधनको प्रयोगबाट प्राप्त तथ्याङ्कहरुलाई शाब्दिक रुपमा व्याख्या र विश्लेषण गरिएको छ। यस अध्ययनको लागि वीरगञ्जको तीनवटा सामुदायिक उच्च माध्यमिक विद्यालय ने.रा.उच्च मा.वी.,श्रीपुर , कन्या उच्च मा.वी. र नृसिंह उच्च मा. वी का प्राचार्य तीन जना, शिक्षक/ शिक्षिका बाह्र जना, अभिभावक एक्काईस जना, विद्यार्थी पन्ध्रजना, बुद्धिजिवी पाँच जना, पत्रकार पाँच जना र संस्थागत उ.मा.वि.हरुमा नानीहरुलाई पठाउने अभिभावक पाँचजना र विद्यार्थी पाँचजना लाई नमुना छनौट विधिको आधारमा छनौट गरीएको छ।

## नतिजा र विश्लेषण

अनुसन्धानको कममा निम्न नतिजाहरु प्राप्त भएको छ।

### *विद्यालयको भर्ना अवस्थाः*

ने.रा.उच्च मा.वी.,श्रीपुरमा कक्षा एघारमा २०६७को ब्याचमा जम्मा भर्ना ६६ जस्मा छात्रा ३२ र छात्र ३४ र २०६९मा आएर एघारमा जम्मा भर्ना २९ जस्मा छात्रा १३ र छात्र १६ हुन आयो। त्यसैगरी कन्या उच्च मा.बी. मा २०६७ को ब्याचको कक्षा एघारमा भर्ना जम्मा २४ र यही संख्या कमशः घटदै २०६९मा आएर एघारमा जम्मा भर्ना २१ जसमा छात्रा ९ र क्षात्र १२ मात्र रहयो। नृसिंह उच्च मा. वी.मा २०६७ को ब्याचमा एघारमा जम्मा भर्ना ४९ जस्मा छात्रा २१ र क्षात्र २८ थिए भने २०६९मा ३६ जस्मा छात्र २३ र छात्रा १३ मात्र भए। उपर्यूक्त तथ्याङ्कको आधारमा यी विद्यालयहरुमा भर्ना संख्या कमिकरुपमा घटिरहेको पाइन्छ। तालिका नं. १ बाट भर्ना सङख्याको अवस्था प्रष्ट हुन्छ।

### *भौतिक आधार*

भौतिक पुर्वाधारले बालबलिकालाई अध्ययनतर्फ ध्यानआकर्षण गर्नका लागि सबैभन्दा अहम् भूमिका निर्वाह गर्दछ। पूर्व विद्यालयमा नै अध्यापन गराउने हुँदा उच्च माध्यमिक विद्यायलको भवनका लागि खासै समस्या भने देखिदैन। यस बाहेक विद्युत्तिय समस्या जस्तै पंखा नहुनु , भए पनि विद्युत्तिय आपूर्ति नहुँदा अन्य विकल्प नहुनु जस्ता समस्या टड्कारो देखिन्छ। त्यसैगरी स्वस्थ खाने पानीको अभाव, स्तरिय पुस्तकालयको अभाव , पुस्तकालय छ भने पनि पुराना संस्करणका पुस्तक हुने ,विद्यार्थिलाई बसेर पढने सुविधा नभएको , दुईटा भन्दा बढी पुस्तक लग्न नपाईने ,चमेना गृहको अभाव , खुल्ला चउरको कमी जस्ता समस्याहरु टड्कारै देखिन्छ भन्ने गुनासो विद्यार्थि , अभिभावक , पत्रकार अनि बुद्धिजिविहरु व्यक्त गर्छन्।

### *शिक्षकको अवस्था*

अध्यापन कार्य एक कला हो,यो कला सबैमा हुँदैन अर्थात जो कोही पनि शिक्षक हुसक्तैन। सार्वजनिक विद्यालयमा अहिलेको सिकाई निराशाजनक छ। शिक्षकहरु कागजमा र भाषणमा आत्मविश्वासी छन् तर आफ्नो क्षमताप्रति विश्वास छैन। अन्यथा कतिपय शिक्षकले आफ्ना छोराछोरीलाई निजि विद्यालयम पढन पठाउने थिएनन् होला। वालवालिकाको भविष्य भन्दा आफ्नो भविष्य राम्रो हुने नियतवश खाईपाई आएको निजि विद्यालय छोडेर सामूदायिक विद्यालयमा जानेहरु पनि छन्। तर विडम्बना विद्यार्थी भर्ना नहुँदा विद्यालय सुकेर गएको अवस्था छ। कतिपय विद्यालयमा माध्यमिक तहमा अध्यापन गर्ने व्याचलर

**तालिका १**

| क. स. | विद्यालयको नाम | साल २०६७ | | जम्मा भर्ना सङख्या | साल २०६९ | | जम्मा भर्ना सङख्या |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | | छात्र | छात्रा | |
| १ | ने.रा.मा.वी. | ३२ | ३४ | ६६ | १३ | १६ | २९ |
| २ | कन्याउच्च मा.बी. | २४ | - | २४ | २१ | - | २१ |
| ३ | नृसिंह उच्च मा. वी. | २१ | २८ | ४९ | २३ | १३ | ३६ |

उपयूर्क्त अध्ययनको आधारमा भर्नाको सङख्या कमशः घटीरहेको पाईयो ।

तहका शिक्षकहरुलाई कम तलब दिएर अध्यापन गराइरहेको अवस्था पनि छ। शिक्षकले पाउनुपर्ने प्रोत्सहानको बदला हतोत्शाहित हुनपर्दा शिक्षक निराश हुन्छन् तसर्थ त्यस्तो शिक्षकबाट अपेक्षाकृत परिणाम पाउन सकिँदैन।

## शैक्षिक गुणस्तर

स्तरीय शिक्षकको अभावमा गुणस्तरीय शिक्षाको संभावना देखिँदैन। आधारभूत प्राज्ञिक योग्य ,उत्साहित शिक्षक को अध्यापनबाट गुणस्तरीय शिक्षा प्राप्त हुने , पठनपाठनमा परिवर्त्तन ल्याउन सकिन्छ। शिक्षकले आफनो प्रवृतिमा सुधार ल्याउन नसकेको ले पनि गुणस्तरीय शिक्षा प्राप्त हुन नसकेको हो। सार्वजनिक विद्यालयमा आत्मविश्वासी, उत्साही शिक्षकको कमी छ। शिक्षण कार्यलाई मिशनको रुपमा होइन प्रोफेशनको रुपमा लिन्छन्। महिना पाक्यो तलब पाक्यो। विद्यार्थीलाई पढाउने हो पढायो विद्यार्थीले सिक्यो सिकेन केही मतलब छैन। स्थायी शिक्षक अनि राजनीति धाप पाएका शिक्षकलाई कसैले पद्च्युत गर्न सक्दैन यस्ता धारणाबाट ग्रंस्त भएकोले सामुदायिक विद्यालय रुग्ण अवस्थामा पुगेको हो भन्ने धारणा अभिभावकमा पाईन्छ।

## निष्कर्ष

सामुदायिक विद्यालय प्रति अभिभावकको दृष्टिकोण बुझ्दा गुणात्मक अवस्था धेरै नै दयनीय अवस्था रहेको देखिन्छ। सेवाग्राही विद्यार्थी तथा अभिभावकलाई सन्तुष्ट बनाउने अवस्था नभएको पाइन्छ। शिक्षानीति स्पष्ट नभएको, सरकार प्रतिबद्ध हुन नसकेको केन्द्रदेखि तलको तह र कर्तव्य प्रति इमान्दार नभएको, शैक्षिक व्यवस्थापन नभएको, विद्यालीय अव्यवस्थित वातावरण, शिक्षक स्वयम् अनुशासनहिन हुने गरेको, प्राचार्य र शिक्षक, कर्मचारी, समुदाय विच सञ्चार खाडलमा परेको, सुपरिवेक्षणको कमी, नीति निर्माण गलत प्रक्रिया, राजनीतिमा चुर्लुम्म डूबेकोले विद्यालयमा गुणस्तरीय शिक्षाको हुन नसकेको निष्कर्ष प्राप्त भएको छ। अर्कोतर्फ प्राय विद्यार्थीहरु दस वर्ष सम्म पढेको पुरानै विद्यालयमा पुनः पढ्न रुचाउदैन किनकी मानवजाती चेतनशिलप्राणी हो उ परिवर्त्तन चाहन्छ। यी उपयूर्क्त कारणहरुले गर्दा विद्यार्थी नयाँ तथा नीजी विद्यालय प्रति आकर्षित भएका हुन्।

### सन्दर्भ सामग्री

अर्याल, बैकुण्ठ प्रसाद र अन्य (२०६२). **विद्यालय निरीक्षक प्रतियोगिता दिग्दर्शन** (काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स)

उ.मा.वि.शि.प.(२०५५). **उ.मा.वि.शि.प. सम्बन्धन सम्बन्धी विनियमहरु,** (सानोठिमी : उ.मा.वि.शिक्षा परिषद)

कोइराला, नारायण प्रसाद (२०५९). **उच्च माध्यमिक शिक्षा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न देखिएका समस्या र समाधानका उपाय,** उ.मा.शि.प.को गोष्ठीमा प्रस्तुत कार्यपत्र।

रा.शि.आ. (२०४९). **राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,** (काठमाडौंः केशरमहल )

रा.यो.आ. (२०५४). **नवौं पञ्च वर्षिय योजना,** (काठमाडौंः राष्ट्रिय योजना आयोगको सचिवालय)